## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**<u>प्राङ्गारिक मल प्रयोगशाला सञ्चालन कार्यविधि, २०८०</u>**

# स्थानीय राजपत्र

खण्ड:५ संख्या: ४१ मिति: २०८०/१२/०६

**भाग-२**

**गण्डकी गाउँपालिका**

गण्डकी गाउँपालिका द्धारा प्राङगारिक मल उत्पादन तथा प्रयोगमा अभिबृद्धि गर्नका लागी गाउँ कार्यपालिका द्धारा निर्माण गरिएको कार्यविधि

आज्ञाले,

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

# प्राङ्गारिक मल प्रयोगशाला सञ्चालन कार्यविधि, २०८०

## परिच्छेद १

**१.१ संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम विषादी रहित गण्डकी अवधारणा अन्तर्गत जैविक प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि, २०८०, रहेको छ ।

ख) यो कार्यविधि गण्डकी गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशित मितिबाट प्रारम्भ हुनेछ।

ग) यो कार्यविधि गण्डकी गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २

**२.१ विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,**

क) “गाउँपालिका "भन्नाले गण्डकी गाउँपालिकालाई जनाउँछ।

ख) “अध्यक्ष” भन्नाले गण्डकी गाउँपालिका अध्यक्षलाई बुझ्नु पर्दछ।

ग) “शाखा” भन्नाले गण्डकी गाउँपालिकाको कृषि विकास शाखा बुझ्नु पर्दछ।

घ) “समिति” भन्नाले जैविक प्रयोगशाला अनुगमन तथा सञ्चालन समितिलाई सम्झनु पर्दछ।

ङ) “कृषक”भन्नाले गण्डकी गाउँपालिकाका कृषकलाई सम्झनु पर्दछ।

च) “विषादि” भन्नाले कृषकले लगाएको बालिनालिमा लाग्ने रोगकिरा नियन्त्रणका लागी प्रयोग गरिने रसायनलाई सम्झनु पर्दछ।

छ) “अर्गानिक खेति” भन्नाले रासायनिक मल तथा विषादिको प्रयोग नगरी जैविक तथा वातावरण मैत्री, दिगो हिसावले गरिएको खेती सम्झनु पर्दछ।

ज) “जैविक विषादी” भन्नाले शत्रुजीव आकर्षण गर्न, भगाउन तथा मार्न जैविक श्रोतबाट उत्पादन गरिएको पदार्थ भन्ने बुझ्नुपर्दछ।

झ) “जैविक प्रयोगशाला” भन्नाले बिरुवामा लाग्ने हानिकारक किरा, ढुसिजन्य रोगहरु, ब्याक्टेरिया जन्य रोगहरुको विरुद्धमा लाभदायक किरा, ढुसि, ब्याक्टेरिया उत्पादन गर्नको लागि विभिन्न उपकरणहरु प्रयोग गरि स्थापना गरिएको प्रयोगशाला भन्ने बुझिन्छ।

**२.२ कार्यक्रमको उद्देश्य:**

क) बढ्दो रासायनिक मल र विषादिहरुको प्रयोगलाई विस्थापन गर्दै प्राङ्गारिक खेति प्रणालिको विकास गर्ने

ख) रासायनिक विषादीको विकल्पमा सुरक्षित विषादीको प्रवर्द्धन गर्नु।

ग) जैविक तथा वानस्पतिक विषादीको उत्पादन र प्रयोगमा जोड दिने।

घ) कृषकहरुमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

**२.३ लाभान्वित क्षेत्र:**

गण्डकी गाउँपालिका भित्र कृषि क्षेत्रमा काम गरिरहेका कृषक,फर्म,कृषक समूह,सहकारी लगायत कृषि सँग सम्बन्धित अन्य सरोकारवाला निकायहरु यसको प्रत्यक्ष लाभान्वित क्षेत्र हुनेछ।

## परिच्छेद ३

## ३.१ जैविक प्रयोगशाला सञ्चालन सम्बन्धी व्यवस्था:

जैविक प्रयोगशाला सञ्चालन गर्दा तपशिल बमोजिमको अधिनमा रही गर्नुपर्नेछ :

- जैविक प्रयोगशाला गण्डकी गाउँपालिकाको आर्थिक सहयोगमा गाउँपालिकाको मातहतमा रहने गरि कृषि तथा वन विज्ञान विश्वविद्यालयको प्राविधिक सहयोगमा स्थापना तथा सञ्चालन गरिनेछ।
- कृषि तथा वन विज्ञान विश्वविद्यालयले गण्डकी गाउँपालिकाभित्र कार्यरत प्राविधिकहरुलाई प्रयोगशाला सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
- जैविक प्रयोगशाला गण्डकी गाउँपालिका वडा नं ८ बेनिबेसी स्थित प्रशोधन केन्द्रको ट्रस भवन र गण्डकी गाउँपालिका वडा नं ७ को कृषि विज्ञान केन्द्रमा स्थापना गरिनेछ।
- प्रयोगशालामा आवश्यक पर्ने उपकरणहरु गण्डकी गाउँपालिकाले खरिद गर्नेछ र उक्त उपकरणहरु गाउँपालिकाको आफ्नो मातहतमा रहनेछ।
- स्थापित प्रयोगशाला सञ्चालन गर्नको लागि कृषि तथा वन विज्ञान विश्वविद्यालयले एकजना सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

- प्रयोशालाको सम्पर्क व्यक्तिले यस कार्यविधि लागु भएपश्चात यस आ.व.को कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ साथै प्रत्येक आ.व. को सुरुवातमा सोही आर्थिक वर्षमा प्रयोगशालाबाट सञ्चालन गरिने कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ।
- सम्पर्क व्यक्तिले आ.व.को प्रत्येक चौमासिकमा वार्षिक लक्ष्यअनुरुप भएको प्रगति प्रतिवेदन गण्डकी गाउँपालिकामा पेश गर्नुपर्नेछ।
- जैविक प्रयोगशालाबाट गण्डकी गाउँपालिकामा उत्कृष्ट कार्य भएमा कार्यपालिकाबाट थप सुविधाको व्यवस्था समेत गरिनेछ।

## परिच्छेद ४

### ४.१ जैविक प्रयोगशाला सञ्चालन तथा अनुगमन समिति:

सञ्चालित जैविक प्रयोगशाला सञ्चालन तथा अनुगमन समितिबाट जैविक प्रयोगशाला जुनसुकै बेला पनि प्रयोगशाला अनुगमन गर्न सकिनेछ। उक्त सञ्चालन तथा अनुगमन समिति देहायबमोजिम रहनेछ।

- गण्डकी गाउँपालिका उपाध्यक्ष – संयोजक
- प्रमुख प्रशासकीय अधिकृत- सदस्य
- सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य
- कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

## परिच्छेद ५

### ५.१ बजेट सम्बन्धी व्यवस्था:

गण्डकी गाउँपालिका कृषि विकास शाखाको विशेष अनुदान कार्यक्रम “विषादी रहित गण्डकी अवधारणा अन्तर्गत प्राङ्गारिक मल उत्पादन, अर्गानिक खेति प्रवर्द्धन एवं प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी कार्यक्रम कार्यबिधि, २०८०” को परिधि भित्र रही खर्च गरिनेछ।

## परिच्छेद ६

### ६.१ भुक्तानी सम्बन्धी व्यवस्था:

- प्रयोगशाला निर्माणको हकमा प्राविधिक इस्टिमेट अनुसार E-BID मार्फत सामान खरिद भइ काम सम्पन्न भइसकेपश्चात देहाय बमोजिमको कागजात गण्डकी गाउँपालिकामा उपलब्ध भइसकेपछि भुक्तानी प्रकृया अगाडी बढाइनेछ।
- इस्टिमेट अनुसार काम सम्पन्न भएको प्राविधिक प्रतिवेदन
- बिल भरपाई
- अनुगमन समितिको अनुगमन प्रतिवेदन

## परिच्छेद ७

**७.१ भुक्तानी दिन बाध्य नहुने :**

- सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता व्यावसायी तथा कम्पनिलाई भुक्तानी दिन बाध्य हुने छैन।
- सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा त्यस्ता व्यावसायी तथा कम्पनिलाई रकम भुक्तानी गरिने छैन।

आज्ञाले
रिजेश उपरकोटी
प्रमुख प्रशासकिय अधिकृत